मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना सन्देश

नेपाली जनताले सात दशक लामो समय देखि प्रतिक्षा गरेको संविधान सभाबाट संविधान निर्माण गर्ने काम सम्पन्न गरी २०७२ साल असोज ३ गते आजकै दिन नेपालको संविधान जारी भएको थियो । यो ऐतिहासिक क्षणको सम्झना र सम्मान गर्न हामीले संविधान दिवसलाई राष्ट्रिय दिवसको रूपमा समेत मनाइरहेका छौं । संविधान दिवस तथा राष्ट्रिय दिवसको यस सुखद् अवसरमा देशभित्र र बाहिर रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

यस अवसरमा म सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका विभिन्न आन्दोलनको क्रममा अमूल्य जीवन गुमाउनु हुने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

वर्तमान संविधानले सामन्ती, निरङ्कुश र केन्द्रीकृत राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुसाँस्कृति तथा भौगोलिक विविधतायुक्त विशेषताहरुलाई आत्मसाथ गरेको छ । विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प यो संविधानले लिएको हामी सबैलाई अवगतनै छ ।

यस संविधान अन्तर्गत नेपालको राष्ट्रिय सार्वभौमसत्ता नेपाली जनतामा निहित भएको छ र जनता राज्यशक्तिको स्रोत भएका छन् । जनताको राजनीतिक अधिकार प्राप्तिका लागि गरिने संघर्षको चरण सम्पन्न भएपछि अब मुलुकलाई सामाजिक न्याय सहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ । यो महान दायित्व पुरा गर्न संविधान निर्माण र परिवर्तन लागि एक ठाँउ उभिएका सबै राजनीतिक शक्तिहरु पुनः फेरी साझा सङ्कल्पका साथ एउटै थलोमा उभिएर अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ ।

आजको यस दिनले 'समृद्ध नेपाल, सुखी नेपाली'को साझा राष्ट्रिय संकल्प हासिल गर्न सबै जनप्रतिनिधिमूलक संस्था, राजनीतिक दल तथा राज्यका सबै अङ्गलाई संवैधानिक मूल्य एवम् मान्यताहरू कार्यान्वयन गर्न प्रेरणा दिने अपेक्षा मैले लिएको छु । यस पवन अवसरमा संविधानको मर्म र भावनालाई व्यवहारमा रूपान्तरण गर्न हामी सबै राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज, समाजका अग्रज व्यक्तित्वहरुले मन, वचन र कर्मले समर्पित भई आ-आफ्नो तर्फबाट इमान्दार प्रयास जारी राख्न म सबैमा अनुरोध गर्दछु ।

**मितिः२०८० असोज ३ गते बुधबार**

..............................

**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री**